# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

चलानी नं. :- ७२१

रामशाहपथ, काठमाडौं

मिति :- २०८१/०७/०६

ने.सं. ११४४ कौलागा ५

विषयः निर्देशन सम्बन्धमा।

**उच्च सरकारी वकील कार्यालय, सबै।**

**विशेष सरकारी वकील कार्यालय, काठमाडौं।**

**जिल्ला सरकारी वकील कार्यालय, सबै।**

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८१/०७/०५ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. ६५१ मिति २०८१/०६/०८ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

**निर्देशन नं. ४०. फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न पाउने सम्बन्धमा**

सर्वोच्च अदालतको ०८१-WH-००३५ को बन्दीप्रत्यक्षीकरण (राजकुमार पुर्कुटी विरुद्ध काठमाडौं जिल्ला अदालत समेत) मुद्दामा मिति २०८१/०५/३१ मा भएको परमादेशको आदेश समेतलाई मध्येनजर गर्दै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) बमोजिमका मुद्दामा पीडित र प्रतिवादी बीच जुनसुकै अवस्थामा मिलापत्र हुन सक्ने भएकोले फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न पाउँ भनी पीडित, जाहेरवाला र प्रतिवादीको संयुक्त निवेदन परेमा तत् सम्बन्धमा फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० बमोजिम आवश्यक प्रकृया अबलम्बन गरी फैसला कार्यान्वयनका लागि लगत कायम रहेको जिल्लाको सरकारी वकील कार्यालयले मिलापत्र गराउन आदेश दिने। यस्तो आदेश दिँदा फैसला कार्यान्वयन गर्ने जिल्लाको सरकारी वकील कार्यालयमा सम्बन्धित मुद्दाको मिसिल नभएको अवस्थामा मिसिल रहेको सम्बन्धित सरकारी वकील कार्यालयबाट प्रतिलिपि मिसिल समेत मगाई आवश्यक कारवाही गर्ने।

२०८१/०७/०६

(सूर्यराज दाहाल)

सहन्यायाधिवक्ता

**अवगतार्थः**

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np